सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

## खण्डः ५, संख्याः ४, भागः २

**सिलीचोङ गाउँपालिका**

**ताम्कु, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।**

## सिलिचोङ गाउँपालिका, संखुवासभा

## आदिवासी जनजाति सूचिकरण कार्यविधि, २०७८

**प्रस्तावना** : नेपालको संविधान २०७२ ले सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद उत्पीडनको अन्त्य गर्दै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, निष्पक्षता, समक्ष न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न, संघीय लोकतान्त्रिक गाणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने प्रतिवद्धता गरेकोले,

संविधानको मौलिक हकले आदिवासी जनजाति तथा अल्पसंख्यक सीमान्तीकृतको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने र प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण, जन्मदर्ता र सर्वाङ्गीण विकासको हक सुनिश्चित गरेकोले,

सविधानको निर्देशन सिद्धान्तले नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने र आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको, स्थानीय तहको जातजाति तथा आदिवासी जनजाति तथ्याङ्कको अभिलेख तयार गर्ने र व्यवस्थापन गर्ने अधिकार संविधानको अनुसूची-८ र ९ मा निर्दिष्ट गरेकोले,
नेपाल पक्ष रहेको आदिवासी तथा जनजाति सम्बन्धि महासन्धि नं. १६९(१९८९) कार्यान्वयनका लागि राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस (प.स. २०७५/०७६, च.नं. १७४२ मिति २०७५/१२/०४) कार्यान्वयनका लागि संघीयमामिला तथा सामान्य प्रशासन मन्त्रालय, (सामाजिक समावेशीकरण तथा समाजिक सुरक्षा शाखा) को प.सं. २०७५/७६, चलानी नं. १४५ तथा मिति २०७६/०१/०४ द्वारा स्थानीय तहलाई कार्यान्वयन गर्न गरिएको परिपत्र कार्यान्वयन गर्न आवश्यक भएकोले, यो आदिवासी जनजाति सूचिकरण कार्यविधि, २०७८ कार्यान्वयनका लागि निर्माण गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### ०१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "आदिवासी जनजाति सूचिकरण कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

### ०२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "आदिवासी जनजाति" भन्नाले आफ्नो मातृभाषा, परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका वा नेपाल पक्ष राष्ट्र रहेको अन्तराष्ट्रिय श्रम संगठनको आदिवासी जनजाति सम्बन्धी महासन्धि नं १६९/१९६८), को धारा १ को अधिकार अनुकुल भिन्न आदिवासी जनजातिका पहिचान चाहने जाति वा समुदायलाई सम्झनु पर्दछ ।
(२) "आदिवासी जनजाति कार्य समूह" भन्नाले गाउँपालिका भित्रका आदिवासी जनजातिको सूची निर्धारण गर्नका लागि गाउँपालिकाले नियुक्त गरेको ३ सदस्यीय व्यक्तिहरुको कार्यसमूह सम्झनु पर्दछ। उप्रान्त यसलाई " कार्य समूह" भनिनेछ ।

(३) "संयोजक" भन्नाले आदिवासी जनजाति कार्य समूहको संयोजकलाई सम्झनु पर्दछ ।

(४) "सदस्य" भन्नाले आदिवासी जनजाति कार्य समूहको सदस्यलाई सम्झनु पर्दछ ।

(५) "गाउँपालिका" भन्नाले सिलीचोङ गाउँपालिकालाई सम्झनु पर्दछ ।

(६) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ अनुरुप गठित सिलीचोङ गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(७) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद - २

## उद्देश्य

**०३. कार्यविधिको उद्देश्यः**

(१) दफा २ (१) का मापदण्डहरु पुगेका सिलीचोङ गाउँपालिका भित्रका आदिवासी जनजातिका सूची निर्धारण गरी तिनीहरूलाई संविधान प्रदत्त मानव अधिकार समावेशी समानुपातिक रुपमा उपभोग गर्ने व्यवस्था गर्नु गराउनु यस कार्यविधिको उद्देश्य रहेको छ ।

## परिच्छेद - ३

## उद्देश्य

### कार्यसमूहको गठन, नियुक्ति तथा सेवा सुविधा

**०४. आदिबासी जनजाति कार्य समूहको गठनः** यस कार्य समूहरुको गठन देहाय बमोजिम हुनेछ ।

(१) गाउँपालिकाको उपाध्यक्ष कार्य समूहको संयोजक रहनेछ ।

(२) भाषा, संस्कृति, इतिहास सम्बन्धी मध्येका स्थानीय ज्ञाता १ जना । भाषा, संस्कृति विषयमा लामो समयसम्म अध्ययन अनुभवप्राप्त गरेको हुनुपर्नेछ ।

(३) समाजशास्त्री वा मानवशास्त्री सम्वन्धी दक्ष १ जना।समाजशास्त्री वा मानवशास्त्रीको हकमा समाजशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण भएको हुनुपर्नेछ ।

## ०५. कार्यसमूह सदस्यहरूको नियुक्ति

(१) गाउँपालिकाको उपाध्यक्ष कार्यसमूहको पदेन संयोजक हुनेछ ।

(२) कार्यसमूहको सदस्यहरूको नियुक्ति गाउँपालिकाको अध्यक्षले गर्नेछ । कार्यसमूहको सदस्यहरूको नियुक्ति तथा कार्यविवरण अनुसूचि ४ बमोजिम हुनेछ ।

## ०६. कार्यसमूहको सेवा सुविधा

(१) संयोजक बाहेकको कार्यसमुहका सदस्यहरुको सेवा सुविधा अधिकृत तहको सुनिश्चित गरिने छ ।

(३) कार्यसमूहको कार्यसम्पादन गर्न गराउन पालिका स्तरमा बैठक तथा कार्यशाला गोष्ठी लगायतको कार्य सम्पन्न गराउन खाजा तथा नास्ता व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

## परिच्छेद - ४
## कार्यक्षेत्र तथा अधिकार

०७. कार्यसमूहको कार्य क्षेत्र तथा अधिकारः  कार्य समूहको कार्यक्षेत्र र अधिकार देहाय बमोजिम रहनेछन् ।

(१) कार्यविधिको परिभाषामा निर्धारित मापदण्डहरूका आधारमा आदिवासी जनजातिको सूची सहित प्रतिवेदन निर्माण गरी सिलीचोङ गाउँपालिकामा सूचीकरणका लागि सिफारिस गर्ने ।

(२) कार्य समूहको कार्ययोजना कार्यान्वय गर्न एक कार्यपात्रो (Working Calendar) तोकिएको समयावधि भित्र सम्पन्न हुने गरी कार्यसमूहले स्वयं निर्धारण गर्न सक्ने छ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

(३) कार्य समूहको अवधि गाउँपालिकाले निर्धारण गरे अनुसार हुनेछ। कार्य सम्पन्न समय अवधि एक महिनाको हुनेछ ।

(४) सिलीचोङ गाउँपालिका भित्रका मापदण्ड पुगेका जातजाति वा समुदायहरूबाट निश्चित ढाँचामा (अनुसूचि ५ बमोजिम) सूचीकरणका लागि आवश्यक सूचना (जातीगत विवरण) सहित आवेदनको माग गर्न सक्ने छ ।

(५) सूचीकरण प्रक्रियाको सूचना प्रभावकारी रुपमा प्रवाहका लागि स्थानीय आम सञ्चारका साधन सञ्चारकर्मीको प्रयोग वा सार्वजानिक स्थानमा सूचना टाँस गर्न सक्ने छ ।

(६) कार्य समूहको कार्य प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि स्टेशनरी लगायत प्रतिवेदन तयारका लागि आवश्यक विद्युतीय सामग्री कार्य सम्पन्न अवधि सम्म गाउँपालिकालाई माग गर्न सक्ने छ।

(७) कार्य समूहको कार्य प्रभावकारी रुपमा गर्न गाउँपालिकाले उपयुक्त स्थानको व्यवस्था गर्नेछ ।

(८) कार्यसमूहले आदिवासी सिलीचोङ गाउँ कार्यपालिकासँग सम्बन्ध र समन्वय राखी कार्य गर्नु पर्नेछ ।

(९) आवश्यकतानुसार विभिन्न वडाहरूमा पुगि जातीय समूहमा आदिबासी जनजाति सूचिकरण कार्यशाला गोष्ठी संचालन तथा उपयुक्त माध्यमवाट आदिवासी जनजातिहरुको सूचिकरणका लागि सुझाव संकलन गर्ने ।

(१०) आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को सूचीकरण सम्बन्धीको मापडण्ड तथा अन्तर्राष्ट्रिय आदिवासी जनजाति मापडण्डको आधारमा अध्ययन गरि यस पालिकामा बसोवास गरेका आदिवासी जनजातिहरुको सूचिकरणका लागि प्रतिबेदन सहित सिफारिश गर्ने ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

**०८. कार्यसमूहको प्रतिवेदनको अनुमोदन :**

(१) कार्यसमूहको प्रतिवेदनमा आदिवासी जनजातिका रुपमा सूचीकृत गर्न सिफारिस गरिएका सूची सहितका प्रतिवेदनलाई गाउँपालिकाको कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) गाउँ कार्यपालिकाबाट प्रतिबेदन अनुमोदन भएपछि प्रतिवेदनमा आदिवासी जनजाति सूचीकृतका लागि सिफारिश गरिएका आदिवासी जनजातिका सूची वेवसाईटमा सार्वजनिक गर्नुपर्नेछ । तत्पश्चात स्वत : कार्यान्वयन हुनेछ ।

**०९. अनुसूची :**

अनुसूची १ः आदिवासी जनजातिका अधिकार कार्यान्वयनका लागि राष्ट्रिय मानव अधिकार आयोगको १५ बुँदे सिफारिस पत्र

अनुसूची २ः प्रधानमन्त्री तथा मन्त्री परिषदको सचिवालयको परिपत्र

अनुसूची ३ः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र

अनुसूचि-४ : कार्यसमूह सदस्यहरूको नियुक्ति तथा कार्य विवरण

अनुसूचि-५ : आदिवासी जनजाति सूचिकरण कार्यसमूहको सूचना

सिलीचोङ गाउँपालिकाको कार्यालय

# अनुसूची ४

(परिच्छेद ३ बुदाँ ४ को दफा २ र ३ सँग सम्बन्धित)

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

तාम्कू, सङ्नुवासभा

१ नम्बर प्रदेश

मितिः

पत्र संख्याः

चलानी नं.

श्री ..........................................................

..............................................................

विषयः नियुक्ति सम्वन्धमा।

तपाँईलाई मिति २०......../........../......... गतेको निर्णयानुसार आदिबासी जनजाति सूचिकरण कार्यविधि, २०७८ प्रमोजिम कार्यसमूह सदस्य पदको लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०......... देखि २०......../......./..... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप कार्य सम्पन्न गर्नुहुन नियुक्ति गरिएको व्यहोरा अनुरोध छ ।

आफ्नो काम कर्तव्य पालनामा उत्कृष्ट कार्य सम्पादन गर्नुहुनेछ भन्ने विश्वासका साथ आदिवासी जनजाति सूचिकरण कार्य समूह सदस्यमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई सहित शुभकामना व्यक्त गर्दछु ।

अध्यक्ष

सिलिचोङ गाउँपालिका

***वोधार्थः***

श्री प्रमुख प्रशासकीय अधिकृतः कार्य समूहलाई कार्य गर्न आवश्यक सहयोग एवं प्रशासकीय व्यवस्थापन उपलब्ध गराउनुहुन ।

श्री आर्थिक तथा प्रशासन शाखा ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

## करार सम्झौता

सिलीचोङ गाउँकार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र वडा नं...... बस्ने श्री जिल्ला, गाउँपालिका, (यसपछि दोश्रो पक्ष भनिएको का बीच गाउँपालिकाको आदिवासी जनजाति सूचिकरण कार्यविधि, २०७८ को कार्य समूह सदस्य पदमा कामकाज गर्न गराउन मिति २०...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौत्ता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं।

**१. कामकाज सम्बन्धमाः** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार तपशिलमा उल्लेखित काम गर्नु पर्नेछ ।

(क) आदिवासी जनजातिहरुसंग सम्बन्धित विषयका पूर्व प्रकाशित कृतिहरु लेख रचना तथा ऐतिहासिक आलेख एवं सम्बद्ध अन्य सामग्रीहरुको अध्ययन गर्ने र आवश्यकता अनुसार आवश्यक स्थलगत भ्रमण गरि कार्य सम्पन्न गर्ने ।

(ख) आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा उल्लेखित आदिवासी जनजाति सूचिकृतको लागि मापदण्ड अनुसारको कार्य गर्न निर्देशित भै सूचिकरणका लागि माग भै आएका जातीय संस्था सामाजिक समूहहरूको मागका सम्बन्धमा समेत विशेष ध्यान दिई कार्य सम्पन्न गर्ने ।

ग) आदिवसी जनजातिहरूको सम्बन्धमा इतिहास, संस्कृति, भाषा तथा अन्य मापदण्डको आधारमा विश्लेषण गरि प्रतिवेदन तयार गर्ने। (

(घ) विभिन्न आदिवासी जनजातिका प्रतिनिधिमूलक संघ संस्था, सरोकारवालाहरू तथा विषयविज्ञहरूसँग परामर्श, छलफल तथा अन्तरकृया गरि कार्य सम्पन्न गर्ने ।

(च) सिलीचोङ गाउँ कार्यपालिकाले स्वीकृत गरेको आदिवासी जनजाति सूचिकरण कार्यविधि, २०७८ अनुसार कार्य सम्पन्न गरि गाउँ कार्यपालिकालाई प्रतिबेदन पेश गर्ने।

२. **करारमा काम गरे बापत पाउने पारिश्रमिकः** कार्य सम्पन्न प्रतिवेदन पेश भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई १ महिनाको रा. प. तृतीय स्तर स्केल तलब बराबरको एकमुष्ट रकम उपलब्ध गराउनेछ । अन्य भत्ता (दै.भ.भ. महगी भत्ता, यातायात खर्च लगायतका) सेवा सुविधा उपलब्ध हुने छैन ।

**३. विदाः** दोस्रो पक्षलाई सार्वजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम गरेबापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईने छैन ।

**४. कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

**५. गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यक्तिलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षति पूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

**६. करार अवधिः** नियुक्ति भएको मितिले एक महिना सम्मको लागि हुनेछ ।

**७. प्रचलित कानून लागू हुनेः** यस संझौतामा उल्लेख नभएको कुरा नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

| गाउँपालिकाको तर्फबाटः | रोहवर | दोस्रो पक्ष (करार गर्ने व्यक्ति) |
|---|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः | नामः |
| पदः गा.पा. अध्यक्ष | पदः प्र.प्र.अ. | ठेगानाः |
| मितिः | मितिः | मितिः |

**अनुसूचीः ५**

**आदिवासी जनजाति सूचिकरण कार्यसमूहको सूचना**

**सिलीचोङ गाउँपालिका**

**गाउँकार्यापालिकाको कार्यालय**

**आदिवासी जनजाति सूचिकरण कार्यसमूहको**

**अत्यन्त जरुरी सूचना**

यस सिलीचोङ गाउँपालिकाको आदिवासी जनजातिहरूको सूचीकरण गर्ने उद्देश्यले सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको मितिः २०७८।०९।१२ गते बसेको १३ औं कार्यपालिकाको बैठकबाट आदिवासी जनजातिहरुको सूचीकरण कार्यविधि, २०७८ अनुमोदन भए बमोजिम आदिवासी जनजातिको सूचिकरणका लागि अध्ययन अनुसन्धान गरि सुझाव पेश गर्न गाउँपालिका उपाध्यक्ष एवं आदिवासी जनजातिको सूचिकरण कार्य समूहको संयोजक श्री................................ को संयोजकत्वमा ३ सदस्यीय कार्यसमूह गठन भई कार्यसमूहले कार्य प्रारम्भ गरिसकेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

आफूलाई आदिवासी जनजाति हौ भनी सूचीकरण गर्न गराउन चाहने र छुट्टै पहिचानको माग गर्ने सामाजिक, साँस्कृतिक समुदायहरूले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न विशेषताहरु समेत आधार मानी औपचारिक रुपमा आवेदन दिन सुचित गरिन्छ।

संयोजक

आदिवासी जनजाति सूचेकिरण कार्य समूह

विशेषताहरू

१. साझा भाषाको मान्यता

२. साझा आर्थिक जीवन शैली तथा उत्पादन सम्बन्ध

३. साँस्कृक्तिक एकरुपता र साझा भूगोल

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्वीकृत मान्य परिभाषा

५. साझा पहिचान

६. साझा इतिहास (लिखित/अलिखित)

७. धर्म, संस्कृक्ति र मूल्य मान्यता

८. यसका अतिरिक्त आफ्नो जातीय पहिचानको विशिष्ट आधारहरु भएमा सो समेत विस्तृत रुपमा उल्लेख गर्ने यस सम्बन्धि विस्तृत जानकारीको लागि कार्यसमूहको कार्यालय गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

**<u>आवेदन पठाउने ठेगाना</u>**

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

ताम्क संखुवासभा

ईमेलः silichongrm@gmail.com

सिलीचोङ गाउँ कार्यपालिका कार्यालय

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

पत्र संख्या २०७५/०७६

च.नं.: TMD १६८२ मिति : २०७५/१२/४

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं ।

**विषय : सिफारिस गरिएको बारे ।**

उपरोक्त सम्बन्धमा आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि, १९८९ (ILO Convention No. 169) को नेपाल पक्ष राष्ट्र भएको १० वर्ष पूरा भएको सन्दर्भमा यस आयोगले उक्त महासन्धिको कार्यान्वयनको अवस्था सम्बन्धमा गरेको अध्ययन तथा अनुगमनबाट प्राप्त तथ्यको आधारमा आयोगको २०७५ मंसीर १२ को निर्णयानुसार नेपाल सरकारबाट भएको सिफारिस कार्यान्वयनका लागि आयोगबाट सम्पन्न भएको **"महासन्धि नं. १६९ कार्यान्वयन अवस्था"** अध्ययन प्रतिवेदन यसै सिफारिस साथ संलग्न गरी पठाइएको छ ।

अतः आयोगको निर्णयानुसारको तपसिल बमोजिमका सिफारिसहरू कार्यान्वयन गरि सो को जानकारी यस आयोगलाई गराई दिन हुन निर्देशानुसार अनुरोध छ ।

तपसिल

१. आदिवासी जनजातिसम्बन्धी कानुन, नीति, नियम निर्माण गर्दा उनीहरूको प्रतिनिधिको स्वतन्त्र र सक्रिय सहभागिताको अधिकार प्रत्याभूत गर्ने,
२. आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ (महासन्धि नं. १६९) प्रतिकूल रहेका विद्यमान कानुनी व्यवस्थाहरूलाई महासन्धि अनुकूल संशोधन वा परिमार्जन गर्ने र महासन्धि कार्यान्वयनका लागि आवश्यकताअनुसार नयाँ कानुन निर्माण गरी राज्यका सङ्घ, प्रदेश र स्थानीय तहमा समान ढङ्गले कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउन,
३. विकास तथा भौतिक संरचना निर्माणको योजना बनाउँदा वा कार्यान्वयन गर्दा सम्बन्धित क्षेत्रको आदिवासी जनजाति वा स्थानीय समुदायको संस्कृति सुहाउँदो प्रक्रिया अवलम्बन गरी उनीहरूको अधिकार संरक्षणको प्रत्याभूत गर्ने वा गराउन,
४. आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ (महासन्धि नं. १६९) र आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (युनड्रिप), २००७ ले अवलम्बन गरेको स्वतन्त्र, पूर्वसूसूचित र सहमति (Free, Prior and Informed Consent-FPIC) सम्बन्धी अवधारणा लागू गर्न उपयुक्त संरचनाको निर्माण गरी लागू गर्ने ।

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


५. महासन्धि नं. १६९ कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना (National Action Plan for the Implementation of the ILO Convnetion No. 169) यथाशीघ्र स्वीकृत गरी कार्यान्वयन गर्न,

६. आदिवासी जनजाति जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७२ अनुसार सबै जिल्लामा स्थापित जिल्ला समन्वय समितिलाई राज्यको वर्तमान संरचना अनुकूल बनाउन,

७. नेपालको संविधान धारा ५६(५) अनुसार स्वायत्त, संरक्षित र विशेष क्षेत्रको अवधारणा कार्यान्वयन गर्न गराउन,

८. लोपोन्मुख आदिवासी जनजातिहरूको भाषा, संस्कृतिको संरक्षणका लागि विशेष कार्यक्रम तर्जुमा गरी ती समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिकलगायतको विकास गर्न समुदाय तथा महिलासमेतको अर्थपूर्ण सहभागिता रहने गरी विशेष कार्यक्रम लागू गर्न गराउने व्यवस्था मिलाउन,

९. भूमि, वन र वन्यजन्तु संरक्षणसम्बन्धी कानुनलाई आदिवासी जनजातिको अधिकार संरक्षण हुने गरी पुनरावलोकन गर्न गराउन,

१०. वन्यजन्तु आरक्ष तथा सिकार आरक्षको स्थापना तथा सञ्चालन गर्दा आदिवासी जनजातिको स्व-व्यवस्थापन/सहव्यवस्थापन लगायतको अधिकार संरक्षणसम्बन्धी व्यवस्था मिलाउन,

११. तथ्याङ्क विभागबाट जनगणना गर्दा नेपालका सबै समुदाय सँगै लोपोन्मुख, अपाङ्गता भएका आदिवासी जनजाति समेतको खण्डीकृत तथ्याङ्क प्राप्त हुने व्यवस्था मिलाउन,

१२. लोपोन्मुख, महिला, अपाङ्गता भएका आदिवासी जनजातिका लागि विशेष कानुनको निर्माण गरी राज्यको सेवामा उनीहरूको प्रभावकारी पहुँच सुनिश्चित गर्न,

१३. सङ्घ, प्रदेश र स्थानीय सरकारबाट बजेट बाँडफाँट गर्दा आदिवासी जनजातिको लागि समेत समानुपातिक रुपमा लैङ्गिकमैत्री बजेट बाँडफाँटको व्यवस्था मिलाउन,

१४. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ बमोजिमको सूचीमा सूचीकृत र सूचीकृत हुन बाँकी आदिवासी जनजातिहरूको विषयमा पुनरावलोकन गरी छुट भएकाहरूलाई सूचीकृत गर्न गराउन।

१५. संवैधानिक अङ्ग र निकायमा नियुक्ति गर्दा नेपालको संविधानको धारा २८३ अनुसार समानुपातिक समावेशी सिद्धान्तबमोजिम नियुक्ति हुने व्यवस्था मिलाउन।

(बेदप्रसाद भट्टराई)
सचिव


फोन नं. ०१-५०१००१५, फ्याक्स नं. ०१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मानव अधिकार शाखा

पत्र संख्या: ०७५/०७६
च.नं.: मा.अ./७२१/६८२८

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति: २०७५।१२।१४

विषय : सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा।

श्री गृह मन्त्रालय,
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
श्री ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय,
श्री वन तथा वातावरण मन्त्रालय,
श्री भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाण्डौं।

१६४६६
०७५।१२।१८

उपरोक्त सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको च.नं. १७४२ मिति २०७५।१२।०४ गतेको पत्र मार्फत आदिवासी तथा जनजाति सम्बन्धी महासन्धी, १९८९ (ILO Convention No. 169) को पक्ष राष्ट्र भएको १० वर्ष पूरा भएको सन्दर्भमा यस आयोगले उक्त महासन्धिको कार्यान्वयनको अवस्था सम्बन्धमा गरेको अध्ययन तथा अनुगमनबाट प्राप्त तथ्यको आधारमा आयोगको मिति २०७५ मंसिर १२ को निर्णय अनुसार नेपाल सरकारलाई भएको सिफारिस यसै पत्रसाथ संलग्न छ। उक्त पत्रमा उल्लेखित तहाँ मन्त्रालयसँग सम्बन्धित सिफारिस कार्यान्वयन गरि यस कार्यालय र मानव अधिकार आयोगलाई जानकारी गर्ने गराउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ।

संलग्न: (१) आयोगको च.नं. १७४२ मिति २०७५/१२/४ को पत्रको फोटोकपी ।

बोधार्थ:
श्री राष्ट्रिय मानव अधिकार आयोग,
हरिहरभवन, ललितपुर।

(विश्वदीप [illegible])
शाखा अधिकृत

टेलिफोन : ४२११०२४, ४२११०४०, ४२११०४५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०८८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा) फोन नं.०१-४२००३३२

पत्र संख्या: २०७५/७६

चलानी नं. ९४५

२०७६।०१।०४

विषय: राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह सबै

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च. नं. मा.अ.।७२१।६८२४, मिति २०७५।१२।१४ को पत्रानुसार आदिवासी तथा जनजाति सम्बन्धि महासन्धि, १९८९ को पक्ष राष्ट्र भएको १० वर्ष पूरा भएको सन्दर्भमा मानव अधिकार आयोगले उक्त महासन्धिको कार्यान्वयनको अवस्था सम्बन्धमा गरेको अध्ययन तथा अनुगमनबाट प्राप्त तथ्यको आधारमा आयोगको २०७५ मंसिर १२ को निर्णय अनुसार नेपाल सरकारलाई भएको सिफारिस यसै पत्रसाथ संलग्न छ । उक्त पत्रमा उल्लेखित तहां कार्यालयसंग सम्बन्धित सिफारिस कार्यान्वयन गरि मानव अधिकार आयोग तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जानकारी गराईदिनुहुन निर्णयानुसार अनुरोध छ ।

बोधार्थ

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

श्री राष्ट्रिय मानव अधिकार आयोग,

श्री सूचना तथा प्रविधि शाखा : website मा पत्र upload गरिदिनुहुन ।

२०७६।०१।०५

सुभद्रा सुवेदी

(शाखा अधिकृत)

***आज्ञाले,***

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय